रामप्रसादराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्या : ६ मितिः २०८२/०९/०४

भाग-२

रामप्रसादराई गाउँपालिका

## शित भण्डारण सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२

२०८२/०८/२९

आङलाक्पा तामाङ
प्रमुख प्रशासकीय अधिकृत

# शित भण्डारण सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२

मितिः २०८२।०९।०४

<u>प्रस्तावना :</u>

कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको कक्षमा निशिचत समय सम्म भण्डारण गरि बजारको माग अनुसार बजारमा आपूर्ति गर्ने तथा उत्पादन-उपरान्त हुने नोक्सानिलाई कम गरि कृषकको आम्दानि बदाउने उदेश्यले गाउँपालिका भित्र नेपाल सरकार स्थानिय तहको लागत साझेदारीमा निर्माण भएका शित भण्डार गृह(Cold storage) हरुको प्रभावकारी संचालन,दिगो व्यवस्थापन तथा नियमन गर्ने व्यवस्था वाञ्छनीय भएकोले स्थानीय सरकार रामप्रसादराई गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

<u>१.संक्षिप्त नाम प्रारम्भ र विस्तार</u> (१) यस कार्यविधिको नाम "शित भण्डार सञ्चालन तथा व्यावस्थापन कार्यविधि", २०८२" रहेको छ ।

(२) यो कार्यविधि २० मेट्रिक टन भन्दा ब्रढि क्षमताका शित भण्डार गृहहरुको हकमा लागु हुनेछ ।

(३) यो कार्यविधि संघिय सरकार र स्थानीय तह सँगको लागत साझेदारिमा निर्माण हुने शित भण्डार गृहहरुको हकमा लागु हुनेछ

(४) यो कार्यविधि रामप्रसादराई गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति बाट लागु हुनेछ ।

<u>२.परिभाषा</u> (क) " कृषिजन्य वस्तु" भन्नाले कृषकहरुले उत्पादन गरेको पशुजन्य उत्पादन बाहेक सम्पूर्ण लामो समयसम्म भण्डारण गर्न सकिने उत्पादन जस्तै सुन्तलाजात फलफूल किवि आलु प्याज अदुवा बेसार लगायतका तरकारी फलफूल एंवम मशला जन्य कृषि उत्पादन बुझ्नुपर्नेछ ।

(ख) "कार्यक्रम" भन्नाले संघीय सरकार र रामप्रसादराई गाउँपालिकाको संयुक्त लगानिमा निर्माण भएको रामप्रसादराई गाउँपालिकाको चिस्यान केन्द्र (Cold storage) संचालन कार्य सम्झिनु पर्छ ।शित भण्डार भन्नाले कृषि उपजहरुलाई निश्चित समय सम्म सुरक्षित भण्डारण गर्ने सकिने उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको सिङ्गलचेम्बर वा मल्टिचेम्बर युक्त कक्ष सहितको संरक्षण सम्झिनुपर्छ ।

(ग)"सहकारी संस्था" तथा कृषक समूह भन्नाले शित भण्डार संचालनबाट लाभन्वित हुने कृषकहरु आबद्ध रहेको स्थानीय सरकारी संस्था एंवम कृषक समुह सम्झिनुपर्छ ।

शाङलाक्पा तामाङ
प्रमुख प्रशासकीय अधिकृत

(घ) "समिति" भन्नाले यस शित भण्डार संचालनको निम्ति रामप्रसादराई गाँउपालिका द्धारा गठित शित भण्डार संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

**३. शित भण्डारण संचालक समिति गठन :** १. नेपाल सरकार स्थानीय तहको लागत साझेदारीमा निर्माण भएको हकमा शित भण्डारण गृहको नियमित संचालन व्यवस्थापन तथा नियमन गर्न देहाय बमोजिम एक संचालक समिति गठन गरिनेछ ।

क. अध्यक्ष, रामप्रसादराई गाँउपालिका -अध्यक्ष

ख. उपाध्यक्ष, रामप्रसादराई गाँउपालिका - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ. सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

ङ. अध्यक्ष स्थानिय सहकारी संघ -सदस्य

च. कृषक प्रतिनिधि १ जना महिला सहित २ जना - सदस्य

छ. कृषि शाखा प्रमुख सम्वन्धित स्थानिय तह - सदस्य सचिव

२. सञ्चालक समितिको बैठक सम्बन्धी सञ्चालक समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**४.सञ्चालक समितिको काम कर्तब्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क. शित भण्डार गृहको नियमित सञ्चालन तथा व्यवस्थापन रेखदेख तथा मर्मत सम्भारको लागि आवस्यक प्रबन्ध मिलाउने ।

ख. कृषकले उत्पादन गरेका कृषि उपजहरुको सुरक्षित भण्डारण,गुणस्तर प्रवर्द्धन र बजार आपूर्ती को लागि सहज र सर्बसुलभ व्यवस्था मिलाउने ।

ग. शित भण्डारको लागि सबै किसिमका स्रोत साधनहरु जुटाउने ।

घ. शित भण्डारको नियमित एवं प्रभावकारी सञ्चालन र व्यवस्थापनको र सेवा प्रवाहको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति को नियुक्ति एवं व्यवस्थापन गर्ने ।

थाइलाक्पा तामाङ
प्रमुख प्रशासकीय अधिकृत

ङ. साझेदार संस्थाको हकमा स्थानीय तहले निर्देशन गरे बमोजिमको थप कार्यहरु गर्ने ।

च. सेवा शुल्क निर्धारण समितिले निर्धारण गरेको शुल्क लिई कृषकहरुलाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

छ. सेवा शुल्क बापत प्राप्त आम्दानी र खर्चको सहि किसिमले लेखा जोखा राख्ने र परिचालन गर्ने ।

**५.सेवा शुल्क निर्धारण समिति गठन :** शित भण्डार गृह मार्फत कृषि उद्यमी व्यवसायीहरुलाई सेवा प्रदान गरे बापतको सेवा शुल्क निर्धारण गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछ ।

क. उपाध्यक्ष, रामप्रसादराई गाँउपालिका -संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग. संयोजकबाट मनोनित कृषक प्रतिनिधि एक जना महिला सहित तिन जना -सदस्य

घ. कृषि शाखा प्रमुख -सदस्य

ङ. राजस्व शाखा प्रमुख -सदस्य सचिव

**६. शित भण्डारण संचालन एव सेवा शुल्क निर्धारण :**

क.उत्पादनहरु शित भण्डारमा राखे बापत कृषकहरुले प्रति सिजन प्रति केजि रु ५ का दरले सेवा शुल्क तिर्नु पर्ने छ ।

ख. ढुवानी तथा बजारीकरणका लागि गाउँपालिकाले सहजिकरण गर्नेछ एवं कृषि उपज ढुवानीको लागि गाउँपालिकाको कृषि एम्बुलेन्स प्रयोगमा ल्याउने छ वा वैकल्पिक माध्यम अपनाईनेछ ।

ग. भविष्यमा कुनै कृषक समुह सहकारी वा संस्थाले शित भण्डारण संचालन गर्ने चाहेमा गाउँपालिका सँग समन्वय गरि पूर्ण हिस्सा या आंशिक हिस्सा तथा साझेदारिमा संचालन गर्ने सकिनेछ ।

घ. शित भण्डारणका लागि एक जना सम्बन्धित बिषयको कर्मचारी व्यवस्थापन गरिनेछ र कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

ङ. गाउँपालिकाले कृषकबाट कृषिजन्य उपजहरु सोझै खरिद गरि भण्डारण गर्न सक्नेछ ।यो अवस्थामा कृषकलाई प्रचलित बजारभाउ बमोजिमको रकम तत्काल भुक्तानी गर्ने छ ।

च. कृषकले शुल्क तिरी भण्डारण गरेको कृषि उपज आफै बेच्न सक्नेछ । भण्डारणको क्रममा रोग किरा लगायत विविध कारणले क्षति भएमा क्षति मापन गरी बिग्रिएको कृषिजन्य उपजको न्युनतम शुरु भण्डारण गर्दाको बजार मुल्य गाउँपालिकाले व्यहोर्ने छ ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... भोजपुर कोशी प्रदेश, नेपाल

लाङलाम्पा तामाङ
प्रमुख प्रशासकीय अधिकृत

छ. सेवा शुल्क बापत प्राप्त आम्दानीलाई कार्यपालिकाको स्विकृतिमा सञ्चालक समितिले शित भण्डार गृहको नियमित सञ्चालन व्यवस्थापन रेखदेख मर्मत तथा स्तरोन्नति गर्न खर्च गर्नुपर्नेछ ।

ज. सेवा शुल्क निर्धारण समितिको शुल्क निर्धारण गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गरी निर्णय भएपछि मात्र लागु हुनेछ ।

छ. कार्यबिधिको दफा ६ को (च) बमोजिम भण्डारण गरेको कृषि उपजमा भण्डारण पश्चात कृषिजन्य उपज बिक्री गर्दाको शुरु भण्डारण गर्दा बजार मुल्य बाहेकको रकम नाफामा गनिनेछ र नाफा भएको रकमको ५० प्रतिशत कृषक र ५० प्रतिशत गाउँपालिकालाई हुने गरी रकम बाडफाँड हुने गरी सम्झौता गरिनेछ ।

<u>७.कोष स्थापना:</u> शित भण्डार संचालन एवं व्यवस्थापनको लागी शित भण्डार संचालन कोष स्थापना गरिनेछ ।

<u>८. भुक्तानि गर्ने:</u> शित भण्डार सञ्चालन कोषबाट कृषकबाट खरिद गरेको कृषि उपजको मूल्य रकम सम्बन्धित कृषकको बैंक खातामा सोझै भुक्तानि वा नगद भर्पाई गराई भुक्तानि गरिनेछ ।

<u>९ .सेवा प्रवाह:</u> शित भण्डार मार्फत सेवा प्रवाह गर्दा सम्बन्धित स्थानीय तह र जिल्लाभित्रका कृषि उद्यमि तथा व्यवसायीलाई पहिलो प्राथमिकता दिइनुपर्नेछ ।

<u>१० बाधा अड्काउ फुकाउन अधिकार:</u> यस कार्यबिधि कार्यान्यवनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले

आङलाक्पा तामाङ

(प्रमुख प्रशासकिय अधिकृत)

रामप्रसादराई गाँउपालिका